कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

# समता माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

**SAMATA MICROFINANCE BITTIYA SANSTHA LIMITED**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)
(१० जिल्ला कार्यक्षेत्र भएको)
प्रदेश नं.२ जीतपूरसिमरा उपमहानगरपालीका - २ बारा ।
फोन नं.: ०५३–५२१९२१
E-mail : samata@samata.org.np, website: www.samata.org.np

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.३,७९,२०,०००/– को दुई शेयर बराबर एक शेयर (२ : १) (अर्थात् विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.१,८९,६०,०००/– बराबरको प्रति शेयर रु.१००/–अंकित दरका १,८९,६०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण :

हामीलाई **समता माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७५/२/१८ गते ।

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७५/३/२७ गते ।

हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७५/४/२९ गते (बैंकिङ समय पश्चात्) ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको Website: www.samata.org.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

**क) संगठित संस्थाको नाम :** समता माईक्रोफाइनान्स वित्तीय संस्था लि. **(Samata Microfinance Bittiya Sanstha Ltd.)**

**ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय प्रदेश नं. २ जीतपूरसिमरा उपमहानगरपालिका वडा नं. २, बारामा रहेको छ ।

**ग) कारोबार स्थान :** यस लघुवित्त वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान प्रदेश नं. २ जीतपूरसिमरा उपमहानगरपालिका वडा नं. २, बारामा रहेकोछ । हाल लघुवित्त वित्तीय संस्थाले देहायको स्थानहरुमा शाखा कार्यालयहरु स्थापना गरी आफ्नो लघुवित्त सम्वन्धी कारोवारहरु संचालन गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई थप शाखा कार्यालयहरु बिस्तार गरी लघुवित्त सम्वन्धी कारोवार गर्न सक्नेछ ।

| सि नं. | कार्यालय रहेको स्थान | कार्यक्षेत्र भएको जिल्ला | कार्यालयको प्रकार |
|---|---|---|---|
| १. | सिमरा | बारा | शाखा कार्यालय |
| २. | कलैया | बारा | शाखा कार्यालय |
| ३. | निजगढ | बारा | शाखा कार्यालय |
| ४. | कोल्हवी | बारा | शाखा कार्यालय |
| ५. | बरियारपुर | बारा | शाखा कार्यालय |
| ६. | सिम्रौनगढ | बारा | शाखा कार्यालय |
| ७. | कटहरीया | रौतहट | शाखा कार्यालय |
| ८. | चन्द्रनिगाहपूर | रौतहट | शाखा कार्यालय |
| ९. | लालवन्दी | सर्लाही | शाखा कार्यालय |
| १०. | बर्दिवास | महोत्तरी | शाखा कार्यालय |
| ११. | सिन्धुली | सिन्धुली | शाखा कार्यालय |
| १२. | दुधौली | सिन्धुली | शाखा कार्यालय |
| १३. | जलेश्वर | महोत्तरी | शाखा कार्यालय |
| १४. | बरहथवा | सर्लाही | शाखा कार्यालय |
| १५. | रामगोपालपुर | महोत्तरी | शाखा कार्यालय |
| १६. | गौशाला | महोत्तरी | शाखा कार्यालय |
| १७. | शिवनगर | रौतहट | शाखा कार्यालय |
| १८. | गौर | रौतहट | शाखा कार्यालय |
| १९. | बहुअरी | पर्सा | शाखा कार्यालय |
| २०. | चित्रसारी | चितवन | शाखा कार्यालय |
| २१. | महेन्द्रनगर | धनुषा | शाखा कार्यालय |

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

समता माईक्रोफाइनान्स वित्तीय संस्था लि., कम्पनी ऐन, २०६३ बमोजिम २०७० साल बैशाख २ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७० साल भाद्र २ गतेका दिन नेपाल राष्ट्र बैंकबाट लघुवित्त सम्वन्धी कारोवार गर्न इजाजत प्राप्त गरी यस लघुवित्त वित्तीय संस्थाले मिति २०७० भाद्र ९ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ। यस लघुवित्त वित्तीय संस्थाका संस्थापकहरुमा बैंक, वित्तीय क्षेत्र, स्वास्थ्य, कृषि, बीमा, सामाजिक, इन्जिनियरिङ्ग, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दख्खल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही लघुवित्त सम्वन्धी कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) वित्तीय संस्थाको निक्षेपकर्ता तथा ऋणदाताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट न्यून आय भएका तथा विपन्न वर्गका समुदायलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्बन्धी सेवा उपलब्ध गराउने,

आ) कृषि, घरेलु उद्योग, ग्रामीण सेवा, ग्रामीण व्यापार तथा अन्य व्यबसायिक रुपले सम्भाब्य देखिएका क्षेत्रमा लघु ब्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय श्रोत र साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको अधिकाशं ग्रामीण क्षेत्रका निम्न आय भएका वर्गको स्वरोजगारी सृजना गर्ने तथा आय आर्जन गर्ने क्षमतामा सहयोग पुर्याउने,

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यकत वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्याउने,

ई) लघुवित्त सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको संस्थागत रुपमा विस्तार गरी त्यसमा विपन्न वर्गको पहुँच बढाउन राष्ट्रिय स्तरमा मध्यस्तता, समन्वय, सहजीकरण, प्रवर्द्धन तथा उदारिकरणमा मद्दत पुर्‍याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने, र

उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने ।

**ङ) शेयर पूँजीको संरचना :**

(क) **अधिकृत पूँजी :** यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.२०,००,००,०००/–(अक्षरेपी बीस करोड) रहेको छ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा २०,००,०००/–( अक्षरेपी बीस लाख ) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) **जारी पूँजी :** यस वित्तीय संस्थाको जारी पूँजी रु.५,६८,८०,०००/–(अक्षरेपी पाँच करोड अड्सठ्ठी लाख असी हजार) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ५,६८,८०० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पूँजी :** यस वित्तीय संस्थाका चुक्ता पूँजी रु.३,७९,२०,०००/–(अक्षरेपी तीन करोड उनासी लाख बीस हजार) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–अंकित मूल्यका ३,७९,२०० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.५,६८,८०,०००/–(अक्षरेपी पाँच करोड अड्सठ्ठी लाख असी हजार) हुनेछ ।

**च) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद शेयर निष्काशन गर्नु पूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम(रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २,६५,४४० | ७०% | २,६५,४४,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु सहित) | १,१३,७६० | ३०% | १,१३,७६,०००/– | शतप्रतिशत |
| | **जम्मा** | **३,७९,२००** | **१००%** | **३,७९,२०,०००/–** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३,९८,१६० | ७०% | ३,९८,१६,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित) | १,७०,६४० | ३०% | १,७०,६४,०००/– | शतप्रतिशत |
| | **जम्मा** | **५,६८,८००** | **१००%** | **५,६८,८०,०००/–** | |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

| क्र.सं. | शेयरधनीको नाम, थर | ठेगाना | शेयर संख्या | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक सक्रिय सहभागिता (क्याप) नेपाल संचालकहरुको विवरण : | बारा जिल्ला पिप्रा सिमरा वडा नं.३ | ७२०० | ७,२०,०००/– | शत् प्रतिशत |
| | १. डम्मरमणी थेवे लिम्बु<br>२. हिरामती आर्या<br>३. डा. मदन घिमिरे<br>४. शम्भु राम<br>५. यज्ञ बहादुर आले<br>६. शोभा लामा<br>७. सविता मरहठ्ठा<br>८. विद्या महर्जन<br>९. गङ्गा प्रसाद वाग्ले | बारा जिल्ला पिप्रासिमरा १<br>बारा जिल्ला कलैया न.पा. वडा नं १४<br>सुनसरी जिल्ला बराह क्षेत्र गा.बि.स. वडा नं ४<br>बारा जिल्ला जीतपूरसिमरा उ.म.न.पा. वडा नं ७<br>बारा जिल्ला पिप्रा सिमरा गा.बि.स. वडा नं ९<br>बारा जिल्ला पिप्रा सिमरा गा.बि.स. वडा नं २<br>सुनसरी जिल्ला बराह क्षेत्र गा.बि.स. वडा नं ४<br>बारा जिल्ला जीतपूरसिमरा उ.म.न.पा. वडा नं ७<br>बारा जिल्ला पिप्रा सिमरा गा.बि.स. वडा नं २ | | | |
| २ | डा. मदन घिमिरे | सुनसरी जिल्ला बराह क्षेत्र गा.वि.स.वडा नं.४ | १२००० | १२,००,०००/ | शत् प्रतिशत |
| ३ | कृष्ण प्रसाद पौडेल | बारा जिल्ला डुमरवाना गाविस. वाडा नं. ४ | १४४०० | १४,४०,०००/ | शत् प्रतिशत |
| ४ | विश्वराम खड्का | काभ्रेपलाञ्चोक जिल्ला चलाल गणेशस्थान गा.वि.स.वडा नं.६ | ९६०० | ९,६०,०००/– | शत् प्रतिशत |
| ५ | डम्मरमणी थेवे लिम्बु | बारा जिल्ला पिप्रासिमरा १ | १६८०० | १६,८०,०००/ | शत् प्रतिशत |
| ६ | टिना सुवेदी | पर्सा जिल्ला विरुवा गुठी १ | १२००० | १२,००,०००/ | शत् प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | कृष्ण प्रसाद बर्तौला | बारा जिल्ला निजगढ गा.वि.स. वडा नं. २ | ८४०० | ८,४०,०००/– | शत् प्रतिशत |
| ८ | गुण बहादुर खनाल | चितवन जिल्ला रत्ननगर गा.वि.स. वडा नं. ५ | १६८०० | १६,८०,०००/ | शत् प्रतिशत |
| ९ | भोला प्र. गौतम | बारा जिल्ला निजगढ गा.वि.स. वडा नं.२ | १२००० | १२,००,०००/ | शत् प्रतिशत |
| १० | बैकुण्ठ मरहट्ठा | चितवन जिल्ला रत्ननगर गा.वि.स. वडा नं.५ | ८४०० | ८,४०,०००/– | शत् प्रतिशत |
| ११ | यज्ञ बहादुर आले | बारा जिल्ला पिप्रा सिमरा गा.वि.स. वडा नं.९ | १२००० | १२,००,०००/ | शत् प्रतिशत |
| १२ | विनोद प्रसाद कलवार | रौतहट जिल्ला चन्द्रनिगाहपूर गा.वि.स.१ | ३६०० | ३,६०,०००/– | शत् प्रतिशत |
| १३ | राजेश्वर प्र. आचार्य | बारा जिल्ला कलैया न.पा. वडा नं.५ | ८४०० | ८,४०,०००/– | शत् प्रतिशत |
| १४ | राम दयाल साह | बारा जिल्ला पिप्रसिमरा गा.वि.स. वडा नं.६ | ४२०० | ४,२०,०००/– | शत् प्रतिशत |
| १५ | गोपाल अधिकारी | बारा जिल्ला पिप्रासिमरा गा.वि.स. वडा नं.६ | ४२०० | ४,२०,०००/– | शत् प्रतिशत |
| १६ | बरुण प्रसाद गौतम | बारा जिल्ला डुमरवाना गा.वि.स. वडा नं.८ | ४८०० | ४,८०,०००/– | शत् प्रतिशत |
| १७ | सुशिल प्रसाद खनाल | बारा जिल्ला निजगढ गा.वि.स. वडा नं.८ | ३००० | ३,००,०००/– | शत् प्रतिशत |
| १८ | श्याम प्रसाद तिवारी | मकवानपुर जिल्ला आमभञ्याङ वडा नं.२ | ३००० | ३,००,०००/– | शत् प्रतिशत |
| १९ | थिर बहादुर श्रेष्ठ | बारा जिल्ला डुमरवाना गा.वि.स. वडा नं.७ | ५४०० | ५,४०,०००/– | शत् प्रतिशत |
| २० | ओम कृष्ण कार्की | बारा जिल्ला पिप्रासिमरा गा.वि.स. वडा नं.३ | ८४०० | ८,४०,०००/– | शत् प्रतिशत |
| २१ | सपना पौडेल | बारा जिल्ला पिप्रासिमरा गा.वि.स. वडा नं.२ | ४८०० | ४,८०,०००/– | शत् प्रतिशत |
| २२ | प्रहलाद राउत | मोरङ जिल्ला विराटनगर उ.म.नापा. वडा नं.६ | २०४०० | २०,४०,०००/ | शत् प्रतिशत |
| २३ | नवराज अधिकारी | बारा जिल्ला निजगढ गा.वि.स. वडा नं.७ | ३६०० | ३,६०,०००/– | शत् प्रतिशत |
| २४ | हरी बहादुर भण्डारी | चितवन जिल्ला नारायणपूर गा.वि.स.४ | २१६०० | २१,६०,०००/ | शत् प्रतिशत |
| २५ | लिला नाथ नेपाल | बारा जिल्ला निजगढ गा.वि.स. वडा नं.८ | ६००० | ६,००,०००/– | शत् प्रतिशत |
| २६ | श्रीराम पुडासैनी | मकवानपुर जिल्ला भिमफेदी गा.वि.स.७ | ६००० | ६,००,०००/– | शत् प्रतिशत |
| २७ | रामचन्द्र पौडेल | बारा जिल्ला डुमरवाना गा.वि.स. वडा नं.४ | ५०४० | ५,०४,०००/– | शत् प्रतिशत |
| २८ | मिनु प्याकुरेल | काठमाडौं जिल्ला क.म.न.पा. वाडा नं. ७ | ४२०० | ४,२०,०००/– | शत् प्रतिशत |
| २९ | प्रेम प्रसाद सिटौला | झापा जिल्ला शरणामति गा.वि.स. वडा नं.५ | ९६०० | ९,६०,०००/– | शत् प्रतिशत |
| ३० | अच्युत कुमार भट्राई | मोरङ जिल्ला ईन्द्रपूर गा.वि.स. वडा नं.३ | ९६०० | ९,६०,०००/– | शत् प्रतिशत |
| | | **संस्थापक समुहको जम्मा** | २,६५,४ | २,६५,४४,००० | |
| | | **सर्वसाधारण समुहको जम्मा** | १,१३,७६ | १,१३,७६,०००/ | |
| | | **जम्मा** | **३,७९,२००** | **३,७९,२०,०००/** | |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.३,७९,२०,०००/– को दुई शेयर बराबर एक शेयर (२ : १) (अर्थात् विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.१,८९,६०,०००/– बराबरको प्रति शेयर रु.१००/– अंकित दरका रु.१,८९,६०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

<u>हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :</u>

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. ३ अनुसार संचालक समितिले प्रस्तावित गरे अनुरुप बोनस शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजीमा २:१ को अनुपात (२ बराबर १) हकप्रद शेयर जारी गर्ने सम्मानित साधारण सभामा प्रस्ताव प्रस्तुत हुँदा बोनस शेयर बाँडफाँड पश्चात कायमहुने चुक्ता पूँजी ३ करोड ७९ लाख २० हजार मा २ :१ (साविक २ कित्ता शेयर बराबर १ कित्ता) को दरले हकप्रद शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै हकप्रद शेयर निष्काशन सम्बन्धी आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

<u>साधारण सभा सम्पन्न भएको मिति</u> : **२०७४/८/१६ गते शनिवार सम्पन्न चौथो बार्षिक साधारण सभा ।**

**ञ) संचालकहरुको परिचय :**

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम, ठेगाना | पद | योग्यता | व्यवसायिक अनुभव |
|---|---|---|---|---|
| १. | श्री डम्बरमणि थेबे लिम्बु, सिमरा १, बारा ।<br><br>(संस्थापक समुह) | अध्यक्ष | स्नातक | सुर्य नेपाल प्रा.लि.,सिमरा बारामा बाणिज्य प्रबन्धकको रुपमा २० बर्षको अनुभव । HID हेटैडामा Ceramic Craft Pvt. Ltd. मा सञ्चालकमा ५ बर्ष देखाी कार्यरत,लायन्स क्लवमा सचिव पदमा रहेको,देश विदेशमा विभिन्न व्यवस्थापकिय तालिम तथा अभिमुखीकरण प्राप्त गरेको तथा विगत ४ बर्ष देखी समता माइक्रोफाइनान्स वित्तिय संस्था लिमिटेडमा संस्थापक अध्यक्ष |

| | | | | |
|---|---|---|---|---|
| २. | श्री राजेश्वर प्रसाद आचार्य, कलैया ६, बारा । (संस्थापक समुह) | संचालक | स्नातकोत्तर | भक्तपुर बहुमुखी क्याम्पसमा सह–प्राध्यापकको रुपमा २८ बर्षको कार्य अनुभव । प्रोपाइटर–आर आचार्य एण्ड कम्पनी । |
| ३. | श्री विश्वराम खड्का, बत्तीसपुतली ९, काठमाण्डौ । (संस्थापक समुह) | संचालक | स्नातकोत्तर | माइती नेपालमा निर्देशकको रुपमा २० बर्षको कार्य अनुभव । |
| ४. | श्री हरि बहादुर भण्डारी, नारायणपुर ४, चितवन । (संस्थापक समुह) | संचालक | स्नातक | भ्याली म्यानेजमेन्ट कम्पनी, पुतलीसडक मा अध्यक्षको रुपमा ५ बर्षको कार्यानुभव । भुगर्भ सिमेण्ट उद्योगमा २ बर्ष देख कार्यकारी सञ्चालक, कालिन्चोक कन्ट्री भिल्ला होटलमा प्रवन्ध सञ्चालक,सुश्रीम लजिष्टीक प्रा. लि.मा अध्यक्ष, सौभाग्य हाउजिङ्ग एण्ड कम्पनी प्रा.लि.मा अध्यक्षको रुपमा ७ बर्षको कार्य अनुभव । |
| ५. | श्री सुभाष पौडेल, घर नं.१६३, का.म.न.पा.वडा नं.३५, काठमाडौं (सर्वसाधारण समुह) | संचालक | स्नातकोत्तर | नेपाल एसबिआई बैंक लि. मा सहायक स्तरको पदमा करिव १ बर्षको कार्य अनुभव। सिद्धार्थ क्यापिटल लि.मा अधिकृत स्तरको पदमा रही करिव ३ बर्षको कार्य अनुभव । मर्चेण्ट बैंकिङ्ग तथा सामुहिक लगानी कोष सम्बन्धी कार्यमा बिगत २.५ बर्षदेखि आवद्ध। |
| ६. | श्री भक्त राम खड्का, विष्णू - ४, काठमाडौं (सर्वसाधारण समुह ) | संचालक | स्नातक | - Nepal Student Community मा बजार व्यबस्थापकको रुपमा करिब १ बर्षको कार्य अनुभव । - बुढानिलकण्ठ माध्यमिक विद्यालयमा शिक्षण पेशामा करिब २ बर्षको कार्य अनुभव । - Himalayan Human Right Monitor मा करिब १.५ बर्षको कार्य अनुभव । -COSAS, Yokemate Security Services , National Saving & Creadit CO- Operatice LTD, National Money Transfer Pvt. Ltd. आदि संस्थाहरुमा विभिन्न पदमा संलग्न रहि करिब १३ वर्षको कार्य अनुभव रहेको । |
| ७. | श्री निरञ्जन पराजुली (बिषेशज्ञ) | सञ्चालक | स्नातकोत्तर | अलपाइन डेभलपमेण्ट बैक मर्जर पछि हालको सेन्चुरी बैक लि., मा १ बर्ष सञ्चालकभई कार्य गरेको, मकवानपुर बहुमुखीक्यामपसमा सहायकआर्थिक नियन्त्रकको रुपमा २३ बर्षको अनुभवतथा २०५६ साल देखी लेखापरिक्षण पेशामा आवद्ध रहेको |

**प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :**

नाम : डा.मदन घिमिरे ठेगाना : सिमरा ३, बारा शैक्षिक योग्यता : विद्यावारिधी

अनुभव :अन्तर्राष्ट्रिय गैर सरकारी संस्था TLMI मा १७ बर्षको कार्यअनुभव | समता माईक्रोफाइनान्स वित्तीय संस्था लि. मा विगत ४ बर्ष देखि कार्यकारी प्रमुखको रुपमा कार्यरत ।

**ट) संचालक समितिको बनौट :**

वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ:

| | |
|---|---|
| “क” समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | ४ जना |
| “ख” समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | २ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ण) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

**वासलात**

(रु. हजारमा)

| पूँजी तथा दायित्व | वास्तविक | | | *आ.ब. ०७४/०७५ चैत्र मसान्त सम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १.शेयर पूँजी | ११,०६० | २२,१२० | ३७,९२० | ३७,९२० | ५६,८८० | ५६,८८० | ५६,८८० |
| २.जगेडा तथा कोषहरु | १,५६९ | ७,५७१ | १०,२३२ | १५,९०३ | २८,४०० | ४८,६७४ | ६९,२०६ |
| ३.ऋणपत्र तथा बण्ड | - | - | - | - | - | - | - |
| ४.तिर्न बाँकी कर्जा सापट | ९४,३६८ | १५६,७०२ | २२३,००१ | ३८३,४५० | ३२९,८०२ | ४२८,७४२ | ४७१,६१६ |
| ५.निक्षेप दायित्व | १९,८०२ | ६३,८८४ | १३५,७१५ | २२०,०८९ | २१७,१४५ | २८२,२८८ | ३१०,५१७ |
| ६.भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - | - | - | - | - |
| ७.प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | ३,६५९ | - | - | - | - |
| ८.आयकर दायित्व | १४७ | ७८ | ८५७ | - | ७,७८६ | ८,६८९ | ८,८०० |
| ९.अन्य दायित्व | १,९४८ | ३,८११ | ८,१९२ | ३३,०७१ | १०,५०९ | १३,६६२ | १७,७६० |
| **कुल दायित्व** | **१२८,८९३** | **२५४,१६६** | **४१९,५७७** | **६९०,४३३** | **६५०,५२२** | **८३८,९३४** | **९३४,७७९** |
| **सम्पत्ति** | **वास्तविक** | | | ***आ.ब. ०७४/०७५ चैत्र मसान्त सम्मको** | **प्रक्षेपित** | | |
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १.नगद मौज्दात | ५ | ३८ | २३६ | ४६६ | ४,६०४ | ३,३८६ | ६,४०३ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | - | - | - | - | |
| ३.बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २१,८५६ | २०,८७३ | ३७,६७२ | ४८,३३६ | ६७,८०९ | ८८,१५१ | १०५,७८२ |
| ४.माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - | - | - | - | |
| ५.लगानी | - | - | - | ५०० | ५५० | ६०५ | ६६६ |
| ६.कर्जा सापट तथा बिल खरिद | १०४,६०१ | २२८,७३१ | ३७२,९८५ | ६१९,९६१ | ५५९,४७८ | ७२६,६८५ | ७९९,१७८ |
| ७.स्थिर सम्पत्ति | २,२५९ | २,४७८ | ४,३९० | ७,०९४ | ५,२६७ | ६,३२१ | ७,५८५ |
| ८.गैर बैंकिंङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९.अन्य सम्पत्ति | १७३ | २,०४६ | ४,२९४ | १४,०७६ | १२,८१४ | १३,७८७ | १५,१६५ |
| **कुल सम्पत्ति** | **१२८,८९३** | **२५४,१६६** | **४१९,५७७** | **६९०,४३३** | **६५०,५२२** | **८३८,९३४** | **९३४,७७९** |

**नोट : *आ.ब.०७४/०७५ चैत्र मसान्त सम्मको वित्तीय विवरण व्यवस्थापनबाट प्रमाणित तर लेखा परिक्षण हुन बाँकी वित्तीय विवरणहरु हो ।**

## नाफा नोक्सान हिसाव

(रु.हजारमा)

| विवरण | वास्तविक | | | *आ.ब. ०७४/०७५ चैत्र मसान्त सम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. ब्याज आम्दानी | ११,१३३ | २८,२२५ | ६०,४९५ | ६१,५४२ | ८२,९०९ | १०४,४५३ | १२३,५२४ |
| २. ब्याज खर्च | ३,२०० | ९,८७८ | २३,५९७ | ३३,६५२ | ३३,४६३ | ४६,५२६ | ५९,७२७ |
| **खुद ब्याज आम्दानी** | **७,९३२** | **१८,३४७** | **३६,८९८** | **२७,८९०** | **४९,४४६** | **५७,९२६** | **६३,७९७** |
| ३.कमिशन तथा डिस्काउण्ट | - | - | - | - | - | - | - |
| ४. अन्य संचालन आम्दानी | १,८६६ | ३,८५९ | ६,६५६ | ७,४११ | ७,३२२ | ८,०५४ | ८,४५६ |
| ५. सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| **कुल संचालन आम्दानी** | **९,७९८** | **२२,२०५** | **४३,५५४** | **३५,३०१** | **५६,७६८** | **६५,९८०** | **७२,२५३** |
| ६. कर्मचारी खर्च | २,५८३ | ५,४७१ | १०,२१४ | १५,४७३ | १६,९७८ | २०,३७४ | २४,४४९ |
| ७. अन्य संचालन खर्च | ३,००८ | ५,२०० | ८,२६४ | ९,५०१ | ९,७३२ | ११,६७९ | १४,५९८ |
| ८. सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **४,२०७** | **११,५३५** | **२५,०७६** | **१०,३२७** | **३०,०५७** | **३३,९२७** | **३३,२०६** |
| ९. सम्भावित नोक्सानी | १,१३३ | ५,१५७ | ४,३८५ | ६,६९४ | ३,१४९ | २,०६९ | ९४१ |
| **संचालन मुनाफा/(नोक्सान)** | **३,०७४** | **६,३७९** | **२०,६९१** | **३,६३३** | **२६,९०८** | **३१,८५९** | **३२,२६५** |
| १०.गैर संचालन आम्दानी /(नोक्सान) | - | - | - | - | - | - | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | २४७ | ३,४२८ | १,१३४ | २,०३८ | १,६४२ | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **३,३२१** | **९,८०७** | **२१,८२४** | **५,६७१** | **२८,५५०** | **३१,८५९** | **३२,२६५** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - | - | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **३,३२१** | **९,८०७** | **२१,८२४** | **५,६७१** | **२८,५५०** | **३१,८५९** | **३२,२६५** |
| १३.कर्मचारी बोनस व्यवस्था | ३०२ | ८९२ | १,९८४ | - | २,५९५ | २,८९६ | २,९३३ |
| १४.आयकर ब्यबस्था | **७३०** | **२,६६३** | **६,००९** | **-** | **७,७८६** | **८,६८९** | **८,८००** |
| यस बर्षको | ७२८ | २,७३८ | ६,२५८ | - | ७,७८६ | ८,६८९ | ८,८०० |
| गत बर्षको | - | - | - | - | - | - | |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | १ | (७४) | (२४९) | - | - | - | |
| **खुद मुनाफा/(नोक्सान)** | **२,२८९** | **६,२५२** | **१३,८३१** | **५,६७१** | **१८,१६८** | **२०,२७४** | **२०,५३२** |
| शेयर संख्या (हजारमा) | ११०.६० | २२१.२० | ३७९.२० | ३७९.२० | ३७९.२० | ५६८.८० | ५६८.८० |
| प्रति शेयर आम्दानी (रु.) | २०.७० | २८.२६ | ३६.४८ | १९.९४ | ४७.९१ | ३५.६४ | ३६.१० |

**नोट : *आ.ब.०७४/०७५ चैत्र मसान्त सम्मको वित्तीय विवरण ब्यवस्थापनबाट प्रमाणित तर लेखा परिक्षण हुन बाँकी वित्तीय विवरणहरु हो ।**

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | |
|---|---|---|---|
| **विवरण** | **आ.ब.०७४/०७५** | **आ.ब.०७५/०७६** | **आ.ब.०७६/०७७** |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ६०.००% | ९.७५% | ६.५८% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ५०.००% | २९.८८% | ९.९८% |
| ३. कुल आयमा औषत बृद्धिदर (प्रतिशतमा) | ८९.९९% | ९०.४०% | ८९.३७% |
| ४. कुल खर्चमा औषत बृद्धिदर (प्रतिशतमा) | १३४.३७% | १२४.६९ | ११७.३१% |
| ५. संचालन खर्च तथा कुल आम्दानी अनुपात (प्रतिशतमा) | १३६.२९% | १२७.३६% | १२३.६४% |
| ६. खुद मुनाफामा औषत बृद्धिदर (प्रतिशतमा) | २९.६०% | २८.४९% | २९.५९% |

| | | | |
|---|---|---|---|
| ७. आयकर व्यवस्था (प्रतिशतमा) | ३१.३५% | ११.५९% | १.२८% |
| ८. निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ८.००% | ८.००% | ८.००% |
| ९. लगानीमा प्रतिफल (प्रतिशतमा) | ७.००% | ७.००% | ८.००% |
| १०.कर्मचारी खर्चमा बृद्धिदर (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११. % of Provision on Total Gross Loan | १.६६% | १.५६% | १.५३% |
| १२. CRR | ५.३०% | ५.४५% | ५.७३% |

**माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :**

**१.कर्जा तथा सापट :**

संस्थाको आ.ब.२०७२/०७३ को आषाढ मासन्तबाट आ.ब.२०७३/०७४ को आषाढ मसान्त सम्ममा असल कर्जामा करिब ६३ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७४/०७५ को पौष मसान्त सम्ममा करिब ३३ प्रतिशतको बृद्धि भएको र संस्थाको ब्यबस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ मा क्रमश: ५०, २९.८८ र ९.९८ प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः १७.५०, १६ र १६ प्रतिशत हुने अनुमान गरिएको छ।

कर्जा तथा सापटको निक्षेप र प्राथमिक पुंजीको अनुपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ। जस अनुरुप आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः ९०, ९० र ८९ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि कुल कर्जा तथा सापटको क्रमशः १.६६, १.५६ र १.५३ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

**२.निक्षेपः**

संस्थाको आ.ब.२०७२/०७३ को आषाढ मसान्तबाट आ.ब.२०७३/०७४ को आषाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग ११२ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७४/०७५ को पौष मसान्त सम्ममा ३७ प्रतिशतले बृद्धि भएको र संस्थाको ब्यबस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ मा क्रमशः ५०, ३० र १० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ।

कुल निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः ८, ८ र ८ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

संस्थाको आ.ब.२०७२/०७३ को आषाढ मसान्ताबाट आ.ब.२०७३/०७४ को आषाढ मसान्त सम्ममा जम्मा तिर्न बाँकी कर्जा सापटमा लगभग ४२ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७४/०७५ को पौष मसान्त सम्ममा ३४ प्रतिशतले बृद्धि भएको र संस्थाको ब्यबस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७४/०७५, ०७५/०७६ र आ.ब.०७६/०७७ मा क्रमशः ४८, ३० र १० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ।

तिर्न बाँकी कर्जा सापटीमा तिर्न पर्ने औसत ब्याजदर आ.ब. आ.ब.२०७४/०७५, ०७५/०७६ र ०७६/०७७ को लागि क्रमशः ७, ७ र ८ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

**३. तरलताः**

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब.२०७४/०७५, ०७५/०७६ र ०७६/०७७ को लागि क्रमशः १०.४२, १०.८८ र १०.९५ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।
नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब.२०७४/०७५, ०७५/०७६ र ०७६/०७७ को लागि क्रमशः ५.३०, ५.४५ र ५.७३ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।

४.संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्टयाएको छ।

**५.**आउँदो वर्षहरुको लागि वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ।

६.गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो।

**७.**पुंजी पर्याप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ। जस अनुरुप पुंजीकोषको अनुपात आ.ब.२०७४/०७५, ०७५/०७६ र ०७६/०७७ को लागि क्रमशः १५.४७, १४.८४ र १५.९९ प्रतिशत र प्राथमिक पुंजीको अनुपात आ.ब.२०७४/०७५, ०७५/०७६ र ०७६/०७७ को लागि क्रमशः १४.५१, १३.८८ र १५.०३ प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ।

**नेटवर्थ गणना :**

| विवरण | वास्तविक (रु.हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ | आ.ब ०७६/०७७ |
| चुक्ता पुंजी | ११,०६० | २२,१२० | ३७,९२० | ५६,८८० | ५६,८८० | ५६,८८० |
| जगेडा तथा कोषहरु | १,५६९ | ७,५७१ | १०,२३२ | २८,४०० | ४८,६७४ | ६९,२०६ |
| **कुल** | **१२,६२९** | **२९,६९१** | **४८,१५२** | **८५,२८०** | **१०५,५५४** | **१२६,०८६** |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्च | – | – | – | – | – | – |
| **कुल नेटवर्थ** | **१२,६२९** | **२९,६९१** | **४८,१५२** | **८५,२८०** | **१०५,५५४** | **१२६,०८६** |
| शेयर संख्या (हजारमा) | १११ | २२१ | ३७९ | ५६९ | ५६९ | ५६९ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११४.१९ | १३४.२३ | १२६.९८ | १४९.९३ | १८५.५७ | २२२ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल (%) | १२% | २५% | २१.२५% | ३३.३०% | ४६.११% | ५४.८९% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | ३०.९१% | | |

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७४ साल आषाढ मसान्तको वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ३७,९२० |
| २. जगेडा तथा कोषहरु | १०,२३२ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | २२३,००१ |
| ५. निक्षेप दायित्व | १३५,७१५ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित नगद लाभांश | ३,६५९ |
| ८. आयकर दायित्व | ८५७ |
| ९. अन्य दायित्व | ८,१९२ |
| **कुल पूँजी तथा दायित्व** | **४१९,५७७** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | २३६ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | ३७,६७२ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | - |
| ६. कर्जा सापट तथा बिल खरीद | ३७२,९८५ |
| ७. स्थीर सम्पत्ति | ४,३९० |
| ८. गैर बैकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ४,२९४ |
| **कुल सम्पत्ति** | **४१९,५७७** |

**२०७३ श्रावण १ गते देखि २०७४ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. ब्याज आम्दानी | ६०,४९५ |
| २. ब्याज खर्च | २३,५९७ |
| **खुद ब्याज आम्दानी** | **३६,८९८** |
| ३. कमिशन तथा डिस्काउण्ट | - |
| ४. अन्य संचालन आम्दानी | ६,६५६ |
| ५. सटही घटबढ आम्दानी | - |
| **कूल संचालन आम्दानी** | **४३,५५४** |

| | |
|---|---|
| ६. कर्मचारी खर्च | १०,२१४ |
| ७. अन्य संचालन खर्च | ८,२६४ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | **२५,०७६** |
| ९. सम्भावित नोक्सानी व्यबस्थाहरु | ४,३८५ |
| **सञ्चालन मूनाफा** | **२०,६९१** |
| १०. गैर सञ्चालन आम्दानी/(खर्च) | - |
| ११. सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | १,१३४ |
| **नियमित कारोवारबाट भएको मूनाफा** | **२१,८२४** |
| १२. असामान्य कारोबारबाट भएको खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खूद मूनाफा** | **२१,८२४** |
| १३. कर्मचारी बोनस व्यबस्था | १,९८४ |
| **आयकर व्यवस्था** | **६,००९** |
| क. यस वर्षको कर व्यवस्था | ६,२५८ |
| ख. बिगत वर्षसम्मको कर व्यवस्था | - |
| ग. यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | (२४९) |
| **खुद नाफा/नोक्सान** | **१३,८३१** |

**थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान लघुवित्त वित्तीय संस्थाहरु र नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।

घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।

ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास करिब ४ (चार) वर्षको रहेको छ । सो अबधीसम्ममा वित्तीय संस्थाले खराब कर्जा १ प्रतिशत भित्र राखेको छ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम** : रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको व्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) समता माईक्रोफाइनान्स वित्तीय संस्था लि. को रजिष्टर्ड कार्यालय, प्रदेश नं.२ जीतपूरसिमरा उपमहानगरपालीका - २ बारा ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचीकरण र अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

वित्तीय संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराममा आवेदकको पुरा नाम (नेपाली तथा अंग्रेजी दुबैमा) भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँट गरिंदा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई निजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(छ) हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,

(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को **अनुसूची–११** ब्मोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने,

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) वित्तीय संस्थाको तेश्रो बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७४/०७५ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि एस एण्ड एस एसोसियट्स चार्टर्ड एकाउन्टेण्ट श्री सुधिर कुमार शर्मा लाई नियुक्त गरिएको छ ।

ख) यस वित्तीय संस्थाको कम्पनी सचिवमा स्नातकोत्तर तह शैक्षिक योग्यता हासिल गर्नु भएका तोपगाछी ८ झापा निवासी श्री सुमन आचार्य कार्यरत हुनु हुन्छ ।

ग) यस वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एसोशिएट्स, नारायणचौर, नक्साल, काठमाण्डौका चार्टर्ड एकाउण्टेन्ट श्री राजेश कुमार शाहले प्रमाणित गरेको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप मिति २०७४/८/१६ गते सम्पन्न चौंथो बार्षिक साधारण सभाबाट दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र

५) वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

६) यस बाहेक वित्तीय संस्थाले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने निर्णय गरेको छ ।

| सि.नं. | उपयोग | रकम (रु.) |
|---|---|---|
| १. | तरलता | करिब रु.३९,६०,०००/– |
| २. | कर्जा तथा लगानी | करिब रु.१,५०,००,०००/– |
| | **जम्मा** | **करिब रु.१,८९,६०,०००/–** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ तथा शाखा कार्यालयहरु लालदरवार, काठमाण्डौं, लगनखेल ललितपुर, चिप्लेढुंगा पोखरा, आदर्शनगर बीरगञ्ज, ट्राफिकचोक, वुटवल र गोल्छाचोक, विराटनगर ।

२. समता माईक्रोफाइनान्स वित्तीय संस्था लि., प्रदेश नं.२ जीतपूरसिमरा उपमहानगरपालीका-२ बारा तथा सम्पूर्ण शाखा कार्यालयहरु ।

३. नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडका शाखा कार्यालयहरु : नेपालगन्ज, नारायणगढ र धनगढी ।

४. नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि -आस्वा **(C-ASBA** सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुमा समेत सि -आस्वा फारामबाट हकप्रद शेयर बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी समता माईक्रोफाइनान्स वित्तीय संस्था लि.को वेवसाइट www.samata.org.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी समता माईक्रोफाइनान्स वित्तीय संस्था लि. को वेवसाइट www.samata.org.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

**निष्काशन बैंक (Banker to the Issue)** सम्बन्धि व्यवस्था :

यस निष्काशनको लागि देहायको बैंकहरुलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | नेपाल इन्भेष्टमेण्ट बैंक लि., पुतलीसडक, काठमाण्डौं |
| २. | कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौं |
| ३. | मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौं |

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

वित्तीय संस्थाले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस वित्तीय संस्थाको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण वित्तीय संस्थाको रहेको छ । साथै वित्तीय संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा बुझाउनुपर्ने आ.व.२०७३/०७४ सम्मको सम्पूर्ण विवरण अद्यावधिक रहेको छ ।

**श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **०७१/०७२** | सार्वजनिक निष्काशन भैनसकेकोले सूचिकरण नभएको । | | | |
| **०७२/०७३** | सार्वजनिक निष्काशन भैनसकेकोले सूचिकरण नभएको । | | | |
| **०७३/०७४** | ४०३/– | ४०३/– | ४०३/– | ०.०१ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (कित्तामा) |
|---|---|---|---|---|
| **२०७४ फागुन** | नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार नभएको | | | |
| **२०७४ चैत्र** | ६१९/– | ४९४/– | ६१९/– | २३१ |
| **२०७५ बैशाख** | ८९०/– | ६३१/– | ८९०/– | १९० |

द्रष्टव्य :यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री डम्बरमणि थेबे लिम्बु | अध्यक्ष | |
| २. | श्री राजेश्वर प्रसाद आचार्य | संचालक | |
| ३. | श्री विश्वराम खड्का | संचालक | |
| ४. | श्री हरि बहादुर भण्डारी | संचालक | |
| ५. | श्री सुभाष पौडेल | संचालक | |

| | | | |
|---|---|---|---|
| ६. | श्री भक्त राम खड्का | संचालक | |
| ७. | श्री निरञ्जन पराजुली | सञ्चालक | |

**स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**